# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रुपन्देही ५ नं. प्रदेश, नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धि सूचना !!!

प्रथम पटक प्रकाशित मिति २०७६।०१।२६

यस कार्यालय अर्न्तगत स्थानिय पूर्वाधार विकास अर्न्तगतका रकमबाट तपसिल बमोजिमका नदीहरु तटबन्ध गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण ब्यबसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरु:

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र, प्यान (PAN) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियमानुसार भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ ( सोह्रौं) दिन दिनको १२ :०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २ :०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको लुम्विनी शाखामा स्थित कृषि विकास बैंकको धरौटी खाता नं ०४१४९०११५३७४७०४१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट कम्तिमा ख वर्गको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा (४५ दिन) म्याद भएको बिडबण्ड शिलबन्दी दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५. दरभाउपत्रको मान्य अवधि ( Bid Validity period ) ४५ दिनको हुनेछ ।

६.नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु (भ्याट बाहेक) दर रेटमा समावेश भएको मानिनेछ ।

७. दरभाउपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ ।

८. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

९.दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

१०.प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ र अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१२.यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानिय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

तपशिल

| सि.नं | ठेक्का नं | विवरण | अनुमानित लागत रकम (भ्याट बाहेक ) | टेण्डर दस्तुर |
|---|---|---|---|---|
| १ | २९/०७५/०७६ | छत्रपुरा रजबोहवा कंचन नदी तटबन्ध | ८८३८०९।९० | १००० |
| २ | ३०/०७५/०७६ | खैरहनी कुट्टा दानव नदी तटबन्ध। | १७६१७८२।१७ | १००० |
| ३ | ३१/०७५/०७६ | सुर्यपुरा दानव नधि तटबन्ध । | १७५०१०३।०३ | १००० |

विस्तृत जानकारिको लागी गैडहवा गाऊपालिकाको योजना शाखामा सम्पर्क राख्न सकिने छ।

नारायण अर्याल
प्रमुख प्रशासकिय अधिकृत